महालक्ष्मी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय,
जितपुर, धनकुटा
प्रदेश नं. १, नेपाल


मितिः २०७६/१२/११

## कोरोना भाइरस (Covid-19) सम्बन्धि जनहितमा जारी सूचना

विश्वमा महामारीको रुपमा चीनको वुहानबाट फैलिएको नोभेल कोरोना (कोभिड-१९) भाइरसको संक्रमणबाट धनकुटा जिल्ला महालक्ष्मी नगरपालिका पनि उच्च जोखिमका रहेको वर्तमान सन्दर्भलाई मध्यनजर गर्दै महालक्ष्मी नगरपालिका नगर कार्यपालिकाको मिति २०७६/१२/१० को निर्णयबाट महालक्ष्मी नगरपालिकामा नोभेल कोरोना (कोभिड-१९) भाइरसको सम्भावित संक्रमण रोकथाम र नियन्त्रणको लागि देहायको सूचना सम्बद्ध सबै सरोकारवाला पक्षलाई जारी गरिएको छ । नगर कार्यपालिकाको निर्णयहरु कार्यान्वयन गर्न, गराउन सबै वडा कार्यालयहरु तथा सबै स्वास्थ्य संस्थाहरुलाई अनरोध छ । साथै सम्पूर्ण नगरबासीहरुमा निर्णय कार्यान्वयनको लागि आवश्यक सहयोग गरिदिनुहुन समेत अनुरोध छ ।यो सूचनाको अपहेलना हुने गरी कसैले कार्य गरेमा प्रचलित कानून बमोजिम कारवाही हुने व्यहोरा सबैमा जानकारी गराईन्छ ।

१. माक्सको अभाव रहेको हुँदा स्थानीय उद्यमीहरुलाई माक्स उत्पादन गर्न लगाउने र सबै वडा कार्यालयले वडावासीहरुलाई यथाशिघ्र निशुल्क माक्स वितरण गर्ने र उक्त कार्यका लागि लाग्ने खर्च सम्बन्धित वडाको विपद् व्यवस्थापन कोष तथा नगर विपद् कोषबाट व्यहोर्ने ।

२. दैनिक परिस्थितिको संकटापन्न अवस्था बिश्लेषणका आधारमा कोभिड-१९ को अति उच्च जोखिम अवस्थामा महालक्ष्मी नगरपालिका भित्रका नौ वटै वडाहरुलाई नौ वटा ब्लकमा विभाजन गरिएको हुँदा एक ब्लकबाट अर्को ब्लकमा (एक वडाबाट अर्को वडामा) जान नपाउने गरी मानिस तथा सवारी साधनको आवागमनमा २०७६ साल चैत्र २१ गतेसम्म रोक लगाउने ।

३. जिल्ला बाहिरबाट आएका नगरबासीहरुलाई Self quarantine declaration form भरी अनिवार्य रूपमा १४ दिन स्व-क्वारेन्टाइनमा रहने व्यवस्था गर्ने ।

४. जिल्ला विपद् व्यवस्थापन समिति, धनकुटा तथा धनकुटाका सबै स्थानीय तहले निर्धारण गरेको औद्योगिक ग्राम, धनकुटामा क्वारेन्टाइन र आइसोलेसन वार्डमा कोरोना भाइरसबाट संक्रमण भएको सम्भावित/संकास्पद व्यक्तिलाई राख्ने व्यवस्था गरिएको हुँदा कोही त्यस्तो व्यक्ति पाइएमा यस नगरपालिका, सम्बन्धित स्थानीय प्रहरी चौकी तथा स्वास्थ्य संस्थामा तुरुन्त सूचना दिनुहुन ।

५. नेपाल सरकार, प्रदेश सरकार जिल्ला समन्वय समिति, धनकुटा र जिल्ला प्रशासन कार्यालय, धनकुटाले कोरोना भाइरसबाट बच्न तथा नियन्त्रणका लागि जारी गरेका सूचना तथा निर्णयहरुको कार्यान्वयन गर्ने, गराउने ।

६ .अत्यावश्यक काममा बाहेक घरबाहिर आवतजावत र हिडडुल नगरी आफ्नो घरभित्र बसिदिई कोरोना भाइरस नियन्त्रण कार्यमा नगरपालिकालाई सहयोग गरिदिनुहुन अनुरोध छ ।

७. कोभिड-१९ बाट प्रभावित वा शंकास्पद व्यक्तिहरु देखिएमा वा विरामी भएको खबर प्राप्त भएमा तत्काल उद्दार गरी अस्पतालमा पुर्याउनको लागि नगर विपद् व्यवस्थापन समितिका सदस्य सचिवको संयोजकत्वमा सबै स्थास्थ्य संस्थाका प्रमुख सदस्य रहने र नगर स्वास्थ्य उपशाखा प्रमुख सदस्य सचिव रहने Patient Receiving Team (PRT) गठन गरिएको र प्रत्येक वडामा रहेको स्वास्थ्य केन्द्र प्रमुख वडा स्तरीय सम्पर्क व्यक्ति (फोकल पर्सन) रहने र नगर स्वास्थ्य उपशाखा प्रमुख नगर स्तरीय सम्पर्क व्यक्ति (फोकल पर्सन) को व्यवस्था गरिएको ।


फोन नं. ०२६-६११६८६,७०० प्रमुख ९८५२०७०१२३ उप-प्रमुख ९८५२०७०१२४ प्रमुख प्रशासकीय अधिकृत ९८५२०७०१२१
Email: mahalaxmimunjitpur@gmail.com Web. http:// www.mahalaxmimundhankuta.gov.np


प्रशासकीय अधिकृत

महालक्ष्मी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय,
जितपुर, धनकुटा
प्रदेश नं. १, नेपाल

८. नोभेल कोरोना (कोभिड-१९) भाइरस रोग नियन्त्रणका लागि पूर्वतयारी तथा प्रतिकार्य सम्बन्धी आवश्यक व्यवस्था गर्न नगरप्रमुख ज्यूको संयोजकत्वमा नगर समन्वय समिति र सबै वडा कार्यालयमा सम्बन्धित वडाध्यक्षको संयोजकत्वमा वडा समन्वय समिति गठन गरिएको ।

९. सबै वडाको नेतृत्वमा मुख्य बजार क्षेत्रहरूमा दैनिक उपभोग्य खाधान्न सामग्रीको मौज्दात (stock), खपत र स्थिर अवस्थामा पुग्न सक्ने न्यूनतम अवधि विवरण संकलन गरी बजारलाई विशेष निगरानी गर्ने ।

१०. बजारमा उपभोग्य सामग्रीको कृत्रिम अभाव सिर्जना गर्ने, जम्माखोरी, कालोबजारी एवं मिसावट गर्ने, गराउनेलाई प्रचलित कानून बमोजिम तत्काल कडा कारबाही गरिने भएकोले त्यस्तो कार्य नगर्नु, नगराउनु हुन एवं संलग्न समेत नहुनु हुन सबैमा अनुरोध गरिएको ।

११. दैनिक उपभोग्य अत्यावश्यक सामग्रीहरुको पर्याप्त मौज्दात भएकोले आम उपभोक्ताले आफूलाई आवश्यक पर्ने परिमाणमा मात्र सामग्रीहरु खरिद गर्ने र अनावश्यक संचय नगर्नु, नगराउनु हुन सबैमा अनुरोध छ ।

१२. सरकारी, गैरसरकारी र निजि क्षेत्रको सहयोगमा जनचेतना जगाउने सुघरसफाई र सचेतना कार्यक्रम सञ्चालन गर्न आव्हान गर्ने ।

१३. सर्वसाधारण नागरिकहरुमा भ्रम सिर्जना गर्ने वा त्रास फैलाउने गरी सामाजिक सञ्जाल मार्फत भ्रामक र आधारहीन समाचारहरु सम्प्रेषण गर्ने कार्यमा संलग्न व्यक्तिहरुलाई प्रचलित कानून बमोजिम पक्राउ गरी कानूनी कारवाही गरिने ।

१४. पदयात्रा तथा भ्रमणमा आउने विदेशी पर्यटकहरुलाई अर्को व्यवस्था नभएसम्मका लागि नगर प्रवेशमा रोक लगाउने ।

१५. अत्यावश्यक काम बाहेक पदयात्रा तथा भ्रमणका लागि महालक्ष्मी आगमन गर्ने आन्तरिक पर्यटकहरूलाई आवागमनमा कडाई गर्ने । आवागमन गर्नेहरू १४ दिन अनिवार्य स्व-क्वारेटाइनमा रहने व्यवस्था गर्ने ।

..............................
(सूर्यप्रसाद सुवेदी)
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत